आज मिति २०66 साल असोज २८ गते बुधवारको दिन धवलागिरी गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठमा तपशिल बमोजिमको उपस्थितिमा देहायबमोजिम का प्रस्तावहरूमाथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री थमसरा पुन | अध्यक्ष | |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष | |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष | वडा नं. १ |
| श्री जम प्रसाद वि.क. | ,, ,, | ,, ,, २ |
| श्री पुर्ने पुन | ,, ,, | ,, ,, ३ |
| श्री तेज प्रसाद घर्ती | ,, ,, | ,, ,, ४ |
| श्री खर्क कुमारी छन्त्याल | ,, ,, | ,, ,, ५ |
| श्री राजाराम उपाध्याय | ,, ,, | ,, ,, ६ |
| श्री कलानिधी शर्मा | ,, ,, | ,, ,, 6 |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| श्री तिल कुमारी के.सी | ,, | ,, |
| श्री देव प्रसाद छन्त्याल | ,, | ,, |
| श्री बालकुमारी सुनार | ,, | ,, |
| श्री सुवा देवी पुर्जा | ,, | ,, |
| श्री किनमाया घर्ती | ,, | ,, |
| श्री गोपाल शर्मा | सदस्य सचिव | |

प्रस्तावहरू

१. गत आ.व.को मध्यावधिक योजना अनुमोदन सम्बन्धमा ।
२. प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गर्ने सम्बन्धमा
३. आ.व. २०6३।०66 को आय व्यय सम्बन्धमा ।
४. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।
५. सहकारीको कार्यक्षेत्र विस्तार सम्बन्धमा ।
६. गाउँपालिकाको प्रशासनिक भवनका सम्बन्धमा राष्ट्रिय योजना आयोगमा माग गर्ने ।
6. 'घ' वर्गको इजाजतपत्र दिने सम्बन्धमा
८. आइसोलेसन स्थापना र स्वास्थ्यकर्मी खटाउने सम्बन्धमा ।

| क्र.सं. | विवरण | बजेट |
|---|---|---|
| २६. | सुरक्षित गर्भपतन कार्यक्रम IPAS | रु.५,००,०००।- |
| २७. | विम मराङ मल्कवाङ मोटरबाटो मर्मत र सरसफाई | रु.१५,००,०००।- |
| २८. | जौडेखाल्टा आमा समूह फर्निचर खरिद | रु.१,५०,०००।- |
| २९. | शिवाङ आवासीय विद्यालय होस्टेल कर्मचारी पारिश्रमिक र व्यवस्थापन खर्च | रु.१०,००,०००।- |
| ३०. | सोल्वाङ बालविकास केन्द्र कर्मचारी पारिश्रमिक | रु.१,०५,०००।- |
| ३१. | खानेपानी पाईप खरिद | रु.२,००,०००।- |
| ३२. | शिवाङ तोरो पेल्ने मिल प्लास्टर | रु.२,००,०००।- |
| ३३. | स्वयं सेविकाहरूसँग अन्तर्क्रिया कार्यक्रम | रु.१०,०००।- |
| ३४. | पहिरो पीडितको आवास पुनर्निर्माण | रु.८८,६३,०००।- |

निर्णय नं. २ प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिकामा कार्यरत सम्पूर्ण शिक्षकहरूको ५ दिन बराबरको तलब कट्टा गरी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्न लगाउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ उपर व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिकाको आ.व. २०७७/०७७ को आय व्यय सर्वसम्मत रूपले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ उपर व्यापक छलफल गर्दा यस धवलागिरी गाउँपालिकामा आएको वर्षेनीको प्राकृतिक विपत्तिका कारण सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंकिङ प्रणालीमा लान नसकिएको साथै कोरोनाको जोखिम समेत बढ्दै गइरहेकोले पाने बैंकिङ प्रणालीमा जान थप समस्या सिर्जना भएकोले आ.व. २०७७/०७८ को दोस्रो चौमासिकबाट बैंकिङ प्रणालीमा जाने प्रतिबद्धता सहित आ.व. २०७७/०७८ को प्रथम चौमासिकमा वडा सचिवहरूका नाममा पेश्की दिन कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दीलाई आग्रह गर्ने साथै सो कार्यको सम्पूर्ण जिम्मेवारी कार्यपालिकाले लिने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल गर्दा विश्वमित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बेनी बजार म्याग्दीले धवलागिरी गाउँपालिकामा

समेत कार्यक्षेत्र विस्तार गरी पाउँ भन्ने निवेदन दर्ता गराएकोले सो सहकारीलाई धवलागिरी गाउँपालिकामा कार्यक्षेत्र विस्तारका लागि अनुमति प्रदान गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं. ६ प्रस्ताव नं. ६ उपर छलफल गर्दा गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि जग्गा प्राप्त भइसकेकोले भवन निर्माणका लागि डि.पि.आर सहित राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं. ७ प्रस्ताव नं. ७ उपर छलफल गर्दा छन्त्याल निर्माण सेवा ले 'घ' वर्गको इजाजतपत्रका लागि यस गाउँपालिकाको 'घ' वर्गको इजाजत पत्रसम्बन्धी कार्यविधि बमोजिमका प्रक्रियाहरू पूरा गरी दर्ताका लागि कार्यालयमा निवेदन पेश गरेकाले 'छन्त्याल निर्माण सेवा' लाई यस कार्यालयमा दर्ता गरी 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं. ८ प्रस्ताव नं. ८ उपर छलफल गर्दा कोभिड-१९ को सम्भावित जोखिमलाई मध्यनजर गर्दै यस गाउँपालिका वडा नं. ३ स्थित घट्टेखोला सामुदायिक भवनमा १० शैयाको आइसोलेसन कक्षको स्थापना गर्ने, आइसोलेसन कक्षमा तपसिलबमोजिमका कर्मचारीहरू (स्वास्थ्य कर्मी) खटाउने र निजहरूलाई खटाएको अवधिमा शुरु तलबमानको ५०% प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय सर्व. सम्मत रूपमा पारित गरियो।

| क्र.सं. | खटिने स्वास्थ्यकर्मीको नाम | कार्यरत स्वास्थ्य संस्था |
|---|---|---|
| १. | बनिता पुन मगर, अनमि | मुदी स्वास्थ्य चौकी |
| २. | चन्द्रदेवी पुन, अनमि | ताकम स्वास्थ्य चौकि |
| ३. | वासुदेव आचार्य, ल्याब असिस्टेन्ट | " " " |